संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

**बैठक संख्या-११**

मितिः-२०८०/०५/३१

**छलफल तथा निर्णयः-**

समितिको आजको बैठकको लागि निर्धारित कार्यसूची माथि छलफल भई देहायबमोजिम निर्णय भयोः

१. समितिको आजको बैठकमा बेरुजु सम्परीक्षण सम्बन्धमा बेरुजु कायम भएका नेपाल सरकारका मन्त्रालय, आयोग र निकायलाई बेरुजुको आयतनको आधारमा विभाजन गरी देहायबमोजिम नौ वटा उपसमितिहरु गठन गर्नेः-

**देहायः-**

| क्र.सं. | मन्त्रालय | माननीय | कैफियत |
|---|---|---|---|
| | **सभापति** | मा. ऋषिकेश पोखरेल | |
| १. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>गृह मन्त्रालय<br>संघीय संसद सचिवालय<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोग<br>मधेशी आयोग | मा. अर्जुन नरसिंह के.सी. -संयोजक<br>मा. योगेश कुमार भट्टराई<br>मा. अमरेश कुमार सिंह | |
| २. | अर्थ मन्त्रालय<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>राष्ट्रिय योजना आयोग<br>राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग<br>महालेखापरीक्षकको कार्यालय | मा.गोकुल प्रसाद बाँस्कोटा -संयोजक<br>मा.संजय कुमार गौतम<br>मा. अमन लाल मोदी | |
| ३. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>राष्ट्रपतिको कार्यालय<br>राष्ट्रिय मानव अधिकार आयोग | मा. राजेन्द्र प्रसाद लिङ्देन -संयोजक<br>मा. दिपक गिरी<br>मा. तारा लामा तामाङ | |
| ४. | खानेपानी मन्त्रालय | मा. लेखनाथ दाहाल -संयोजक | |

| | | | |
|---|---|---|---|
| | वन तथा वातावरण मन्त्रालय<br>उपराष्ट्रपतिको कार्यालय<br>राष्ट्रिय महिला आयोग | मा. देवप्रसाद तिमलसेना<br>मा. रुक्मणी राना बराइली | |
| ५. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>रक्षा मन्त्रालय<br>राष्ट्रिय दलित आयोग | मा. राजेन्द्र कुमार के.सी. -संयोजक<br>मा. अच्युत प्रसाद मैनाली<br>मा. जनार्दन शर्मा | |
| ६. | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>सर्वोच्च अदालत<br>आदिवासी जनजाति आयोग | मा. दामोदर भण्डारी -संयोजक<br>मा. श्याम कुमार घिमिरे<br>मा. विक्रम पाण्डे | |
| ७. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>थारु आयोग | मा. रामकृष्ण यादव -संयोजक<br>मा. प्रेम बहादुर आले | |
| ८. | परराष्ट्र मन्त्रालय<br>श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>युवा तथा खेलकुद मन्त्रालय<br>महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय<br>लोक सेवा आयोग<br>राष्ट्रिय समावेशी आयोग | मा. प्रदिप यादव -संयोजक<br>मा. तेजु लाल चौधरी<br>मा. हरि ढकाल | |
| ९. | शहरी विकास मन्त्रालय<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>महान्यायधिवक्ताको कार्यालय<br>निर्वाचन आयोग<br>मुस्लिम आयोग | मा. मनिष झा -संयोजक<br>मा. सराज अहमद फारुकी<br>मा. मन्जु खांण | |

२. विभिन्न ग्याँस उत्पादन तथा वितरण गर्ने कम्पनीले नियमानुसार १४.२ के.जी. को ग्याँस सिलिण्डर वितरण गर्ने अनुमति लिएकोमा हालै ४५० के.जी. सम्मको ग्याँस सिलिण्डरहरु मन्त्रालय र नेपाल आयल निगमको अनुमति नलिइ वा गैरकानूनी रुपमा औद्योगिक प्रयोजनको लागि वितरण गरिरहेको देखिन आएकोलेः-

- यस्ता ग्याँस सिलिण्डर कुन कानूनअन्तर्गत रही वितरण गरिएको छ ?

- यस्ता सिलिण्डर बिक्रि वितरणबाट राज्यकोषमा प्राप्त हुने राजस्वमा के-कस्तो चुहावट भएको छ ?
- ठूला ग्याँस सिलिण्डर रिफिलिङ्ग गर्दा पूरा गर्नुपर्ने प्राविधिक पक्ष र जोखिमको अवस्था विश्लेषण भएको छ छैन ?
- यस्तो संवेदनशील विषयमा अनुगमन, मूल्याङ्कन र नियमन हुन नसक्नुका कारणहरु के-के हुन ?

त्यसैगरी, सरकारी सवारी साधनहरु विभिन्न सरकारी निकायमा आवश्यकता भन्दा बढी रहेको र कानूनबमोजिम प्रयोग नभएको भन्ने सम्बन्धमाः-

- सरकारी सवारी साधनहरुको निकायगत संख्या के-कति रहेको छ ?
- के सरकारी निकायमा सवारी साधन आवश्यकता भन्दा बढी छन् ?
- सरकारी सवारी साधनहरुमा गरिएको लगानी र प्रतिफलको अवस्था के छ ?
- सवारी साधनहरुको प्रयोगको अवस्था र वितरणको मापदण्ड के हो ?
- यस्ता सरकारी सवारी साधनहरु प्रयोगबिहीन र मर्मत सम्भार गरेर चल्ने अवस्थाका के कति छन् ?
- साथै, नेपाल सरकारको आ.व. २०७९/८० को बजेटले व्यवस्था गरेको पदाधिकारी तथा कर्मचारीलाई तेलको सट्टा नगद नै उपलब्ध गराउने कार्यक्रमको कार्यान्वयनको अवस्था के छ ?
- पदाधिकारीलाई सवारी साधन उपलब्ध गराउनुभन्दा खरिदका लागि न्यूनतम मूल्य उपलब्ध गराउँदा हुने लाभ लागत अनुपात बिश्लेषणको अध्ययन कार्य भएको छ छैन ?

उल्लिखित विषयसम्बन्धी बिस्तृत विवरण सम्बन्धित निकायबाट ७ दिनभित्र माग गर्ने ।

३. महालेखापरीक्षकको ६०औं बार्षिक प्रतिवेदनमा उल्लिखित विषयमध्ये बेरुजुको रकम ठूलो रहेका र उच्च जोखिमयुक्त बेरुजुको विवरण महालेखापरीक्षकको कार्यालयबाट माग गर्ने।

३. समितिको अर्को बैठक सूचना भएपछि बस्ने गरी बैठक स्थगित भयो ।